Educational Journal
May, 2025, Volume-4, Issue-1
DOI: https://doi.org/10.3126/ej.v4i1.86186
Research Management Cell,
Tribhuvan University, Sanothimi Campus, Sanothimi, Bhaktapur

नेपालमा भाषिक जीवन्तता

राजन ढुङ्गाना
शिक्षण सहायक,नेपाली शिक्षा विभाग
त्रिभुवन विश्वविद्यालय,सानोठिमी क्याम्पस, सानोठिमी, भक्तपुर
rajandhungana2072@gmail.com

लेखसार

यो अनुसन्धानमूलक लेख नेपालमा भाषिक जीवन्तताको स्थिति कस्तो छ ? भन्ने प्राज्ञिक जिज्ञासाको खोजीमा केन्द्रित रहेको छ । यस अध्ययनका लागि गुणात्मक अनुसन्धान विधि र पुस्तकालयीय कार्यका आधारमा व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा १२४ मातृभाषाहरूको उल्लेख गरेको पाइन्छ । त्यसै गरी १३ ओटा भाषाका बक्ताले नेपालको जनसंख्याको ९०.९४ प्रतिशत समेटेको देखिन्छ । त्यसमध्ये एक लाख र सोभन्दा बढी बक्तासँख्या भएका भाषाहरूको सङ्ख्या २१ रहेको छ । यी २१ भाषाका बक्ताहरूको जनसङ्ख्या नेपालको कुल जनसङ्ख्याको ९४.९५ प्रतिशत हो । यस बाहेकको १०३ ओटा भाषा बोल्ने जनसङ्ख्याको प्रतिशत ५.०५ मात्र रहेको छ । नेपालका भाषाहरुलाई युनेस्कोका मापदण्डका साथै भाषाको स्तरगत वर्गीकरणका आधारमा विकसित, विकासशील, सङ्कटापन्न, लोपोन्मुख र मृतभाषा गरी पाँच श्रेणीमा वर्गीकरण गरेको छ । नेपालमा दश हजार र सो भन्दा माथि एक लाखभन्दा कम जनसङ्ख्या भएका भाषाहरू ३६ ओटा र दस हजारभन्दा कम एक हजारसम्म जनसङ्ख्या भएका भाषाहरू ४४ ओटा छन् । साथै एक हजारभन्दा कम जनसङ्ख्या भएका भाषाहरू २३ ओटा रहेको पाइन्छ । राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, राष्ट्रिय तथ्याङ्क कार्यलय, २०८० अनुसार मातृभाषाअनुसारको जनसंख्याको विवरण अनुसार नेपालका १०३ ओटा भाषाहरुको संरक्षण, विकास र पुनरुत्थानका लागि बहुआयामिक र दिगो प्रयास आवश्यक रहेको सार प्राप्त भएको छ । प्रस्तुत लेखले सम्बन्धित क्षेत्रमा अध्ययन, अनुसन्धान गर्न चाहने तथा यस विषय क्षेत्रप्रति रुचि राख्ने सरोकारवाला सम्पूर्णमा अपेक्षित सहयोग पुर्‍याउने विश्वास गरिएको छ ।

शब्दकुञ्जी : *विकसित भाषा, विकासशील भाषा, लोपोन्मुख भाषा, मृत भाषा*

विषय प्रवेश

भाषिक जीवन्तता भन्नाले कुनै भाषा प्रयोगकर्ताको संख्यामा आधारित मात्र नभई त्यस भाषाको सामाजिक, सांस्कृतिक, शैक्षिक तथा प्रशासनिक प्रयोगको अवस्था, अन्तरपुस्तीय हस्तान्तरण, संस्थागत समर्थन र समुदायको आत्मपहिचानमा त्यस भाषाको योगदानजस्ता विविध पक्षमा आधारित मूल्याङ्कन हो । यो अवधारणा युनेस्कोले प्रस्ताव गरेको ढाँचामा आधारित छ । यसले भाषालाई सुरक्षितदेखि मृतसम्मका विभिन्नस्तरहरुमा वर्गीकृत गरेको छ (युनेस्को, २००३,पृ.८) । भाषाको

सामाजिक, सांस्कृतिक र भौगोलिक परिवेशमा प्रयोगमा आउने, जीवित रहने र विकास हुने क्षमतालाई भाषिक जीवन्तता भनिन्छ । यो कुनै पनि भाषाको मापन गर्ने एक महत्त्वपूर्ण अवधारणा हो । बन्धु (२०७३) का अनुसार नेपालमा भारोपेली, भोटबर्मेली, आग्नेसियाली र द्रविड भाषा परिवारका भाषाहरू र एकल भाषा परिवारको रूपमा कुसुन्डा भाषा रहेका छन् । गौतम र चौलागाई (२०६७) का अनुसार भाषा सङ्ख्याका दृष्टिले सबभन्दा बढी भोटबर्मेली परिवारका भाषा र त्यसपछि भारोपेली परिवारका भाषाहरू देखिन्छन् (पृ. ३५९) । यसरी नेपालमा स्रोत नखुलेका केही भाषाबाहेक पाँच भाषा परिवारका भाषाका वक्ता रहेका छन् । नेपाल बहुभाषिक, बहुजातीय, बहुधार्मिक तथा बहुसांस्कृतिक विशेषताले युक्त राष्ट्र हो । राष्ट्रिय जनगणना वि.सं. २०७८ अनुसार नेपालमा १२४ भाषा बोलिन्छन् । यहाँ १२५ जातजाति र १० धार्मिक सम्प्रदायका मानिसहरूको बसोबास रहेको छ । भाषा आयोग २०७८ को प्रतिवेदनमा नेपालमा बोलिने भाषाको सङ्ख्या १३१ रहेको कुरा उल्लेख गरेको छ । नेपाल भाषिक विविधता भएको मुलुक भएर पनि अहिलेसम्म केही भाषा बाहेक आधिकारिक रूपमा भाषावैज्ञानिक र समाजभाषिक अध्ययन भएको पाइँदैन । त्यसकारण राष्ट्रिय जनगणनाबाट प्राप्त भाषासम्बन्धी तथ्याङ्कलाई नै भाषिक गणनाको आधार मान्नुपर्ने अवस्था विद्यमान छ ।

नेपालको संविधान २०७२ का अनुसार यस मुलुकमा बोलचालमा प्रयोग भइआएका सबै भाषाहरुलाई राष्ट्रभाषाको सममान्यता प्राप्त छ । यति हुँदाहुँदै पनि भाषिक विविधता सँगसँगै नेपालमा भाषिक जीवन्तता पनि गम्भीर चुनौतीको विषय बन्दै गएको छ । विश्वव्यापीरुपमा भाषाहरु लोप हुने खतरामा रहेका बेलामा नेपालमा पनि धेरै भाषाहरू सङ्कटापन्न अवस्थामा रहेको पाइन्छ । यिनको संरक्षण,संबर्धन र प्रबर्धनका लागि पनि भाषाको वैज्ञानिक अध्ययन अपरिहार्य बनिरहेको छ । भाषा आयोगको वार्षिक प्रतिवेदन (सातौं) अनुसार नेपालमा मातृभाषाका रुपमा १२४ वटा भाषाहरु बोलिन्छन् (२०७९ पृ.३२) । यी सबै भाषा समानरूपमा जीवन्त अवस्थामा छैनन् । केही भाषाहरू समुदायको दैनिक जीवनमा सक्रिय रूपमा प्रयोग भइरहेका छन् भने केही भाषाहरू गम्भीर सङ्कटको अवस्थामा पुगेका छन् । प्रस्तुत अध्ययनमा भाषिक जीवन्तताको आधारमा नेपालका भाषाहरुलाई विकसित, विकासशील, सङ्कटापन्न, लोपोन्मुख र मृत गरी पाँच स्तरमा विभाजन गरेर तथ्य विश्लेषण गरिएको छ । त्यसै गरी वर्गीकरण र विश्लेषणले सम्बन्धित भाषाको वर्तमान अवस्था बुझ्न र त्यसका संरक्षणका लागि उपयुक्त रणनीति तय गर्न मद्दत पुर्याउँछ । युनेस्को (२००३) का अनुसार भाषाको जीवन्तता अध्ययन गर्न विभिन्न आधारहरु आवश्यक हुन्छन् । यस अध्ययनमा वक्तासंख्या, प्रयोगको दायरा, अन्तर्पुस्तीय प्रयोग, लेख्य परम्परा, शिक्षा तथा सञ्चार माध्यममा प्रयोग र भाषासम्बन्धीनीति तथा समुदायको सक्रियताजस्ता सूचकहरुलाई आधार बनाइएको छ ।

साथै युनस्कोद्वारा विकसित भाषिक जीवन्तता मूल्याङ्कनको ढाँचालाई पनि सन्दर्भको रूपमा लिइएको छ । यो अनुसन्धानले भाषाको सामाजिक उपयोगिता, सांस्कृतिक निरन्तरता र सामुदायिक पहिचानको जगेर्नासँग जोडिएको महत्वपूर्ण पक्षका साथै भाषिक संरचना संरक्षण गर्न तत्कालीन र दीर्घकालीन पहलहरु आवश्यक भएकाले अध्ययन समयसापेक्ष र आवश्यक मानिन्छ । यस अध्ययनको जीवन्तताका विभिन्न स्तरहरुमा परेका भाषाहरुको विस्तृत विश्लेषण गर्ने उद्देश्य रहेको छ । यसले नीति निर्माणकर्ता, शिक्षाविद्, अनुसन्धानकर्ता र स्थानीयसमुदायहरुका लागि मार्गदर्शकको काम गर्नसक्ने अपेक्षा गरिएको छ । पौडेल र भट्टराई (२०७७) का अनुसार भाषिक जीवन्तताका आधारमा नेपालका भाषाहरुलाई विकसित, विकासशील, सङ्कटापन्न, लोपोन्मुख र मृत गरी पाँच उपवर्गमा विभक्त गरी विवेचना गरिन्छ (पृ.२६०) । त्यसै आुसार भाषिक जीवन्तताका आधारमा नेपालका भाषाहरुको विश्लेषण, निर्धारण र मूल्याङ्कन गर्नु, भाषिक जीवन्तताका खतरामा परेका भाषाहरुको पुनरुत्थानका लागि सम्भावित रणनीति पहिचान गर्नु यस लेखका उद्देश्यहरू हुन् भने नेपालमा हाल

केकति भाषाहरु जीवित छन्,ती भाषाहरुको जीवन्तताको अवस्था केकस्तो छ, भाषिकजीवन्तता निर्धारण गर्ने प्रमुख सूचकहरु केके हुन्, ती सूचकहरु नेपालका भाषाहरुमा केकसरी लागू हुन्छन्, कुनकुन भाषाहरु विकसित, विकासशील, सङ्कटापन्न, लोपोन्मुख र मृतका श्रेणीमा पर्छन्, त्यसको आधार के हो, जनगणना, वक्तासंख्या र लेख्य परम्पराको तथ्याङ्कले भाषिक जीवन्तताको केकस्तो चित्र प्रस्तुत गर्छ, जस्ता प्रश्नहरु यस अध्ययनमा समस्याका रुपमा निर्धारित गरिएका छन् ।

पूर्वकार्यको समीक्षा

भाषिक जीवन्तता वा स्तरगत आधार

भाषाको सामाजिक, सांस्कृतिक, शैक्षिक तथा प्रशासनिक प्रयोगको अवस्था, अन्तरपुस्तीय हस्तान्तरण, संस्थागत समर्थन र समुदायको आत्मपहिचानमा त्यस भाषाको योगदानजस्ता विविध पक्षमा आधारित मूल्याङ्कन भाषिक जीवन्तता हो । यसले भाषालाई सुरक्षितदेखि मृतसम्मका विभिन्नस्तरहरुमा वर्गीकृत गरेको छ (युनेस्को, २००३,पृ.८) । यो कुनै पनि भाषाको मापन गर्ने एक महत्त्वपूर्ण अवधारणा हो । नेपाल बहुभाषिक,बहुसांस्कृतिक र बहुजातीय देश हो । यस देशमा १२४ ओटा भाषा बोलिन्छन् (पौडेल र भट्टराई २०७७, पृ.२४०) । तर ती सबै भाषाको जीवन्तता समान छैन । स्तरगत आधारमा काउसले सुरक्षित, सुरक्षितप्रायः र लोपोन्मुख गरी तीन प्रकार मानेको पाइन्छ (न्यौपाने : २०७०,पृ.९४) । त्यसै गरी यादव, योगेन्द्रले सुरक्षित,सुरक्षित सरहका,सम्भाव्य सङ्कटापन्न, सङ्कटापन्न, चिन्ताजनक अवस्थाका मरणासन्न र मृत गरी विभाजन गरी अध्ययन गरेको पाइन्छ (गिरी,सन्.२०१० ,पृ १९७) । यसै गरी युनेस्कोले सन् २००३ मा प्रकाशित प्रतिवेदनमा भाषाको जीवन्तता मापनका ६ ओटा मापदण्ड सुरक्षित,सम्भाव्य सङ्कटापन्न, सङ्कटापन्न, चिन्ताजनक अवस्थाका मरणासन्न र मृत गरी विभाजन गरी भाषिक स्तर रहन्छ युनेस्को, २००३, पृ.८) । त्यसै गरी पौडेल र भट्टराई (२०७७) भाषाहरुको भाषिक जीवन्तताको स्तरण विकसित, विकासशील, सङ्कटापन्न, लोपोन्मुख र मृत भाषा गरेर जम्मा ५वटा मापदण्ड उल्लेखित छन् (पृ.२६०) । यस लेखमा उक्त सबै अध्ययनलाई आधार बनाइएको छ ।

लेख्य परम्पराका आधारमा

लेखनमार्फत ज्ञान, संस्कृति, इतिहास, धर्म, साहित्य आदि अभिव्यक्त गर्ने र संरक्षण गर्ने परम्परालाई लेख्य परम्परा भनिन्छ । मौखिक परम्पराको विपरीत, लेख्य परम्पराले विचार र जानकारीलाई स्थायी रूपमा दस्तावेजमा राख्ने माध्यम प्रदान गर्छ । नेपाल बहुभाषिक राष्ट्र हो, जहाँ विभिन्न जातीय, सांस्कृतिक र भौगोलिक पृष्ठभूमिका भाषाहरूको अस्तित्व छ । यिनको संरक्षण र प्रवर्द्धनका लागि भाषाको लेख्य परम्परा एक महत्वपूर्ण सूचक मानिन्छ । बैरागी काइँलाले भाषाको लेखन परम्परा, साहित्यिक सृजनाको अवस्था, औपचारिक लेखन प्रणालीको प्रयोग तथा शैक्षिक सामग्रीको उपलब्धता आधारमा भाषाहरूलाई मरणोन्मुख, असुरक्षित, संकटग्रस्त र सुरक्षित गरी वर्गीकृत गरेका छन् (न्यौपाने, २०७० पृ.९५) । मरणोन्मुख भाषाहरू मौखिक परम्परामा सीमित रहन्छन् जसले तिनको दीर्घकालीन अस्तित्वलाई चुनौती दिन्छ । असुरक्षित भाषाहरूमा लेख्य स्रोत सीमित हुँदा तिनको प्रयोग दैनन्दिन जीवनमा घट्दो क्रममा हुन्छ । संकटग्रस्त भाषाहरूमा केही साहित्यिक तथा शैक्षिक सामग्री भए पनि तिनको प्रयोग संस्थागत रूपमा सबल हुदैन । सुरक्षित भाषाहरू भने शिक्षा, सञ्चार, प्रशासन र साहित्यमा व्यापक रूपमा प्रयोगमा छन् ।

यस वर्गीकरणले भाषाको सामाजिक, सांस्कृतिक र शैक्षिक प्रभावलाई मापन गर्न सहयोग पुर्याउँछ । साथै भाषासम्बन्धी नीति निर्माण, पाठ्यक्रम विकास, र भाषिक अधिकारको संरक्षणमा मार्गदर्शकको भूमिका निर्वाह गर्न सक्छ । प्रस्तुत लेखमा बैरागी काइँलाको वर्गीकरणलाई आधार बनाई

नेपालका भाषाहरूको लेख्य परम्पराको वर्तमान अवस्था, चुनौती र सम्भावनाहरूको विश्लेषण गरिएको छ जसले भाषिक विविधताको संरक्षणमा योगदान पुऱ्याउन सक्छ ।

वक्तासंख्याका आधारमा

भाषिक जीवन्तता मूल्याङ्कन गर्ने एक प्रमुख सूचक वक्तासंख्या हो । नेपालमा बोलिने भाषाहरुको वर्गीकरण गर्दा प्रत्येक भाषाका वक्ताहरुको संख्या महत्वपूर्ण आधार बन्न जान्छ । धेरै वक्ता भएका भाषाहरु तुलनात्मक रुपमा जीवन्त र सुरक्षित मानिन्छन् । त्यसै गरी कम वक्तासङ्ख्या भएका भाषाहरू विलुप्तिको जोखिममा पर्न सक्छन् । न्यौपाने (२०७०) का अनुसार काउसका अनुसार दस लाख र सोभन्दा बढी वक्तासंख्या भएका भाषा सुरक्षित, दसलाखभन्दा कम वक्तासंख्या भएका भाषाहरु असुरक्षित र सङ्कटग्रस्त हुन्छन् (पृ.९४) । त्यसै गरी योन्जन (२०८०) ले १० लाख भन्दा धेरै वक्ता संख्या भएका सुरक्षित भाषा ,१ देखि १० लाखसम्म वक्तासंख्या भएका सुरक्षितप्रायः भाषा, १०हजारदेखि १ लाखसम्म वक्ता भएका लोपोन्मुख भाषा, एकहजार देखि ४०हजारसम्म वक्ता भएका मरणोन्मुख भाषा ,एक हजारभन्दा कम वक्त भएका मृतप्रायः भाषा मानेको पाइन्छ (पृ.२७) । नेपालमा प्रयोग भइआएका भाषामध्ये दसहजारसम्म वक्तासंख्या भएका भाषाहरुलाई सङ्कटापन्न भाषाको कोटिमा राख्नु उपयुक्त हुन्छ । "कम्तीमा १००० भन्दा कम वक्तासंख्या भएका भाषाहरुलाई लोपोन्मुखको कोटिमा राख्न सकिन्छ । जनगणनाबाट प्राप्त तथ्याङ्कले भाषाको उपयोग र पुस्तान्तरणको अवस्थालाई प्रतिबिम्बित गर्छ (पौडेल र भट्टराई (२०७७,पृपृ.७०,२६६ र २७७) ।" त्यसैले भाषिक प्रबर्धन र संबर्धनका नीतिहरु निर्माण गर्न वक्ता संख्याको सूक्ष्म अध्ययन अपरिहार्य हुन्छ । यसप्रकार कुनै पनि भाषाको स्तरगत वर्गीकरण गर्दा वक्तासङ्ख्यालाई आधार बनाइन्छ ।

जनगणनाका आधारमा

नेपालका भाषाहरुको भाषिक जीवन्तताको अध्ययन गर्न जनगणना उल्लेख्य आधार हो । जनगणनाबाट विभिन्न भाषाहरु बोल्ने जनसंख्या, तिनको भौगोलिक वितरण,उमेर समूह, लिङ्ग र अन्य सामाजिक पक्षहरुको विवरण पाइन्छ । जनगणनाले भाषाको प्रयोगको दायरा र प्रवृत्तिको मूल्याङ्कन गर्न मद्दत पुर्याउँछ । नेपालमा प्रत्येक १०/१० वर्षको अन्तरालमा गरिने राष्ट्रिय जनगणनाले राष्ट्रको भाषिक विविधता, भाषाभाषीको संङ्ख्या र ती भाषाहरुको प्रचलन कति घट्तो वा बढ्दो छ भन्ने देखाउँछ । वि.सं २०६८ र २०७८ को नेपालको जनगणनाको तुलना गर्दा केही भाषा बोल्नेहरुको संख्या घटेको देखाउँछ भने केही भाषा बोल्नेहरुको संख्या बढेको देखाउँछ । वक्तासंख्या बढ्नाले भाषा विकासशील र घटनाले सङ्कटापन्नतातिर गएको चाल पाइन्छ । यसले भाषाको संरक्षण र पुनर्जीवनका प्रयासहरू आवश्यक छन् भन्ने निर्देशन गरिरहेको हुन्छ । यसका साथै कुनकुन भाषा मातृभाषाका रूपमा प्रयोग भइरहेका छन् भन्ने तथ्याङ्कको जानकारी पनि दिने भएकाले भाषिक पहिचान र जीवन्तताको अध्ययनका लागि जनगणना प्रतिवेदन उपयोगी हुन्छ । वास्तवमा जनगणनाले भाषिक वर्गीकरणको पूर्वाधारको रुपमा काम गर्छ । भाषा आयोगले २०७८ मा प्रकाशित गरेको आठौं वार्षिक प्रतिवेदनमा नेपालको पछिल्लो जनगणनाको तथ्याङ्क छ । उक्त प्रतिवेदनमा नेपालको पछिल्लो जनसंख्यालाई अनेक आधारमा वर्गीकरण गर्दै प्रस्तुत गरिएको छ । प्रस्तुत लेखको नतिजा र छलफल खण्डमा उक्त प्रतिवेदनको उपयोग गरिएको छ । तसर्थ प्रस्तुत लेखको विश्लेषणमा उक्तपूर्वकार्यलाई आधार बनाइएको छ ।

अध्ययन विधि

प्रस्तुत अनुसन्धान गुणात्मक अध्ययन विधिमा आधारित भएर गरिएको छ । यस अध्ययनमानमा सामग्री सङ्कलनका लागि द्वितीयक स्रोतका सामग्रीको उपयोग गर्नका साथै पुस्तकालयीय कार्यबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ । जसमा विभिन्न सन्दर्भ पुस्तक, जर्नल,

शोधपत्र, अनुसन्धानमूलक लेख, पत्रपत्रिका आदिको उपयोग गरी विश्लेषणात्मक रूपमा विश्लेष्य विषयको निष्कर्षमा पुगिएको छ ।

छलफल तथा परिणाम

प्रस्तुत अध्ययनका लागि भाषाको स्तरगत वर्गीकरणका आधारमा विकसित भाषा, विकासशील भाषा, सङ्कटापन्न भाषा, लोपोन्मुख भाषा र मृत भाषाका आधारहरु हेरिएको छ । यसमा २००९-२०११ देखि २०७८ सम्मका भाषा सङ्ख्या र २०७८ को जनगणनाको तथ्याङ्क र वक्तासङ्ख्याको परिणामलाई निम्नलिखित उपशीर्षकमा आधारित भई व्याख्या विश्लेषण गरिएको छ :

भाषाको स्तरगत वर्गीकरण



विकसित भाषा

कुनै राष्ट्रले राष्ट्र या राजभाषा मानेको, सबै पुस्ताले बोल्ने, प्रचूरमात्रामा साहित्य र साहित्येतर ग्रन्थ लेखिएको, शिक्षा,सञ्चारमा अत्यधिक मात्रामा प्रयोग हुने भाषालाई विकसित भाषा भनिन्छ । "क्राउसले राज्यको संरक्षण पाएको भाषालाई यस किसिमको भाषा मानेको पाइन्छ भने ग्राइमले सबै उमेरका वक्ताले बोल्ने, संकटरहित भाषालाई यस किसिमको भाषा मानेको पाइन्छ (न्यौपाने, २०७०, पृ.९५)।" बहुप्रयोगका दृष्टिले सबै विषयक्षेत्रमा प्रचलित नै विकसित भाषा हुन्छ । "सबै क्षेत्रको प्रयोगमा व्यापकता पाएका भाषाहरु विकासशील वा विकसित हुँदै अगाडि बढेका पनि छन् (पौडेल र भट्टराई ,२०७७,पृ.२१०) ।" त्यसैले सबै विषयक्षेत्रमा बहुप्रचलित नेपालको एकमात्र नेपाली भाषा अतिसुरक्षित वा विकसित भाषा भाषा हो । "देवनागरी लिपिमा लेखिने नेपाली भाषा साहित्य सिर्जना, शब्दकोश, पुस्तक, पाठ्यपुस्तक लेखन, व्याकरण लेखन, विद्युतीय प्रकाशन एवम् छापा, श्रव्यदृश्य सामग्री निर्माण लगायत सबै विषयक्षेत्रमा विकसित छ (पौडेल र भट्टराई ,२०७७, पृ.२१२) ।" लामो इतिहास बोकेको नेपाली भाषा आजका दिनसम्म आइपुग्दा सम्पूर्ण विषयलाई उजागर गर्नसक्ने, आवश्यकता अनुकूल शब्दनिर्माण गर्नसक्ने , मुलुकका सबै जनताले बुझ्न सक्ने, मातृभाषा सरह बोल्न सक्ने, परिआउँदा राष्ट्रभाषा, सम्पर्कभाषा र माध्यमभाषाका रुपमा राम्रोसँग उपयोग गर्न सकिने सक्षम भाषाको रुपमा

विकसित भएको छ । राष्ट्रिय जनगणना २०७८अनुसार नेपालको विकसित नेपाली भाषाका वक्ता १३०८४४५७ रहेका छन् । यो संख्या कूल जनसंख्याको ४४.८६ प्रतिशत हो । त्यसै गरी प्रदेशगत रुपमा मधेशप्रदेशदेखि बाहेक अरु सबै प्रदेशमा नेपाली भाषा नै सबभन्दा बढी प्रतिशत जनसंख्याले बोल्ने भाषा रहेको पाइन्छ । यसलाई निम्न तालिकाले अझ प्रस्ट पार्छ :

तालिका नं. १

प्रदेशगत रुपमा विकसित नेपाली भाषका प्रयोक्ता संख्या र प्रतिशत

क. सं.	प्रदेश	जनसंख्या	प्रतिशत
१	कोशी	२२४६०२७	१८.६९
२	मधेश	३५२१०९	२.६९
३	बागमती	३४२७९८१	२६.१९
४	गण्डकी	१८१०००३	१३.८३
५	लुम्बिनी	२६०४६१४	१९.९०
६	कर्णाली	१५००१६१	११.४६
७	सुदूरपश्चिम	११४३५६२	८.७३
	जम्मा	१३०८४४५७	

स्रोत : राष्ट्रिय जनगणना (२०७८ पृ.पृ.१९३–२७६)

यसप्रकार प्रदेशगत आधारमा हेर्दा सबैभन्दा बढी बागमती प्रदेशमा २६.१९ नेपाली भाषा प्रयोग व्यवहार गरेको पाइन्छ । त्यसै गरी लुम्बिनी प्रदेश दोस्रो १९.९० प्रतिशत, क्रमशः कोशी प्रदेशमा १८.६९ प्रतिशत, गण्डकी प्रदेशमा १३.८३ प्रतिशत, कर्णाली प्रदेशमा ११.४६ प्रतिशत, सुदूरपश्चिम प्रदेशमा ८.७३ प्रतिशत र मधेशप्रदेशमा २.६९ प्रतिशत वक्ताले नेपाली भाषा प्रयोग व्यवहार गरिरहेको पाइन्छ । अतः प्रदेशगत आधारमा हेर्दा बागमती प्रदेशमा सबभन्दा बढी र मधेशप्रदेशमा सबभन्दा कम वक्ताले नेपाली भाषा प्रयोग गरिरहेको तथ्याङ्क पाइन्छ ।

विकासशील भाषा

विकसित भाषाहरुले प्राविधिक, शैक्षिक, प्रशासनिक र वैज्ञानिक क्षेत्रहरुमा व्यापकरुपले प्रयोग हुने अनि सम्पन्न संरचना र शब्दसामर्थ्य विकास गरिसकेका हुन्छन् । जस्तै : अंग्रेजी, चिनियाँ,नेपाली आदि भाषाहरु यस प्रकारका भाषाका उदाहरण हुन् । यसका विपरीत विकासशील भाषाहरु अझै पूर्णरुमा मानकीकरण, प्रविधिमा प्रयोग वा अन्तर्राष्ट्रियस्तरमा स्थापित भइसकेका हुँदैनन् । त्यसैले प्रगतिको बाटोमा गतिशील भाषालाई विकासशील भाषा भनिन्छ । पौडेल र भट्टराई (२०७७) का अनुसार

> अविच्छिन्न रुपमा विकासको गतिमा बढेका भाषाहरु क्रमशः विकसित भई श्रेणी वृद्धि हुनु भाषाको विकासशील गुण हो । यसलाई भाषाको स्तरोन्नतिको अवस्था मानिन्छ । विकासशील भाषाहरुमा एकातिर वक्तासंख्या वृद्धि हुनका साथै साहित्य, कला, कानुन, शिक्षा, सञ्चार, स्वास्थ्य, प्रविधि तथा ज्ञान विज्ञान एवम् पर्यटन र उद्योग जस्ता व्यवसायका क्षेत्रमा शब्दभण्डारको विकास, प्रयोग र विस्तार जस्ता कुराहरु पनि सँगसँगै भएको पाइन्छ । विकासशील अवस्थाका भाषाहरुमा विषयगत क्षेत्रको अभिव्यक्तिका

लागि विकसित भाषामा जस्तो शब्दभण्डार विकसित भइ नसकेको अवस्था पनि हुनसक्छ (पृ.२६३) ।

ती भाषाहरुमा साँस्कृतिक सम्पदा मौलिक ज्ञान र समुदायको पहिचान भरिपूर्ण हुन्छ । काउसका अनुसार दसलाखभन्दा कम वक्तासंख्या नभएका,मातृभाषाका रुपमा बोलिंदै र सिकिंदै पनि गरेका, राज्यको खासै संरक्षण नपाएका भाषालाई यस किसिमको भाषा मानेको पाइन्छ (न्यौपाने : २०७०,९५) । त्यसै गरी बैरागी काइँलाले नेपालका लेख्य परम्परा भएका, नेपाली,मैथिली,भोजपुरी,अवधी, लिम्बू र नेवारी गरी जम्मा ६ भाषाहरुलाई यस किसिमका भाषा अन्तर्गत राखेको पाइन्छ (न्यौपाने : २०७०, पृ.९५) । तथापि यस लेखमा चाहिं दसलाखभन्दा कम जनसंख्या भएका अवधी, लिम्बू र नेवारीलाई भने यस उपवर्ग अन्तर्गत राखिएको छैन । त्यसैले नेपालका मैथिली, भोजपुरी, थारु, तामाङ, बज्जिका भाषाहरु यस अन्तर्गत पर्छन् । मुलुकमा प्रयोग व्यवहार भैरहेका मध्ये कुनकुन भाषालाई संरक्षण, सम्बर्धन गर्ने र कुनकुन भाषालाई अन्यका अपेक्षा बढी बढावा दिने भन्ने कुरा राज्यको भाषानीतिले पनि दिशानिर्देश गरेको हुन्छ । अब प्रदेशअनुसार वक्तासंख्याका आधारमा नेपालका विकासशील भाषाहरुको अवस्था निम्नानुसार देखाइन्छ :

तालिका नं. २

विकासशील नेपाली भाषाका प्रयोक्ता संख्या र प्रतिशत

क.सं.	विकासशील भाषा	वक्तासंख्या	प्रतिशत
१	मैथिली	३२२२३८९	३४.५९
२	भोजपुरी	१८२०७९५	१९.५४
३	थारु	१७१४०९१	१८.४०
४	तामाङ	१४२३०७५	१५.२७
५	बज्जिका	११३३७६४	१२.१७
	जम्मा	९३१४११४	

स्रोतः भाषा आयोग वार्षिक प्रतिवेदन (२०८१, पृ.२७)

नेपालका विकासशील भाषामध्ये मैथिलीभाषाका वक्तासंख्याको प्रतिशत ३४.५९ छ भने भोजपुरी भाषाका वक्तासंख्याको प्रतिशत १९.५४ रहेको छ । त्यसै गरी थारुभाषाका वक्तासंख्याको प्रतिशत १८.४० छ अनि तामाङ भाषाका वक्तासंख्याको प्रतिशत १५.२७ रहेको छ र विकासशीलमध्ये सबभन्दा कम बज्जिका भाषाका वक्तासंख्याको प्रतिशत १२.१७ रहेको छ । यस प्रकार विकसशील भाषा मध्ये सबैभन्दा बढी जनसंख्याले बोल्ने मैथिली र सबैभन्दा कम जनसंख्याले बोल्ने बज्जिका भाषा हो । यसै गरी एकलाखभन्दा माथि दसलाखसम्म वक्तासंख्या भएका भाषालाई सुरक्षितप्रायः भाषा अन्तर्गत राख्न सकिन्छ । नेपालका अवधी, नेवारी, मगर, ढुट, डोट्याली, ऊर्दू, लिम्बू, मगही, बैतडेली, राई, अछामी, बान्तबा, राजवंशी, शेर्पा, खस लगायतका भाषाहरुलाई यस उपवर्गअन्तर्गत राख्न सकिन्छ । यहाँ सुरक्षितप्रायः भाषा मध्ये एकलाखभन्दा बढी दसलाखसम्म वक्तासंख्या भएका माथि उल्लिखित भाषाहरुलाई वक्तासंख्याका आधारमा निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ३

सुरक्षितप्रायः नेपाली भाषाका वक्तासंख्या र प्रतिशत

क.सं.	भाषा	वक्तासंख्या	प्रतिशत
१	अवधी	८६४२७६	१३.७२
२	नेवारी	८६३३८०	१३.७१
३	मगर ढुट	८१०३१५	१२.८६
४	डोट्याली	४९४८६४	७.८५
५	ऊर्दू	४१३७८५	६.५७
६	लिम्बू	३५०४३६	५.५६
७	गुरुङ्	३२८०७४	५.२०
८	थारू	२३०११७	३.६५
९	बैतडेली	१५२६६६	२.४२
१०	राई	१४४५१२	२.२९
११	अछामी	१४१४४४	२.२४
१२	बान्तवा	१३८००३	२.१९
१३	राजवंशी	१३०१६३	२.०६
१४	शेर्पा	११७८९६	१.८७
१५	खस	११७५११	१.८६
	जम्मा	६२९७४४२	

स्रोतः भाषा आयोगको वार्षिक प्रतिवेदन (२०८१, पृ.२७)

भाषा आयोगको वार्षिक प्रतिवेदन, २०८१ का आधारमा नेपालमा १५ ओटा भाषा सुरक्षितप्रायः रहेको पाइन्छ । यस अन्तर्गत रहेका भाषाका बक्ता सङ्ख्या जम्मा ६२९७४४२ देखिन्छ । अवधी, नेवारी, मगर ढुट, डोट्याली, ऊर्दू, लिम्बू, गुरुङ् भाषाका बक्ताहरुका तुलनामा अन्य भाषाका बक्ताको सङ्ख्या आधा फरक रहेको पाइन्छ ।

सङ्कटापन्न भाषा

भाषा छ त व्यवाहरमा आउदैन, भाषिक बक्ता छन्, भाषालाई बोलीचालीमा ल्याउँदैनन् अर्थात कम प्रयोग गर्छन् भने यसरी भाषिक व्यवहारमा कमी हुँदै जाँदा भाषा सङ्कटमा पर्दै जान्छ । भाषिक वक्तालेहरूले आफ्नो मातृभाषाको महत्त्व थाहा नपाउनु, जानेर पनि महत्त्व नदिनु अथवा आफ्नो भाषाको औचित्य र महत्त्व नदेख्नु, आफ्नो मौलिक पहिचानको भाषा हो भनी नबुझ्नु जस्ता कारणले भाषा गरिब हुँदै गयो भने सङ्कट बढ्दै जान्छ । वक्ता,समुदाय र राज्यबाट ओझेल पर्दै गएको भाषालाई सङ्कटापन्न भाषा भनिन्छ । अंग्रेजी शब्द इन्डेन्जर्मेन्टको नेपाली रुपान्तर सङ्कटापन्न हो । (युनेस्को (२००३) को लेङ्गुइज भाइटलिटी एन्ड इन्डेन्जर्मेन्टमा उल्लेख भएअनुसार सङ्कटापन्नताका तीन उपप्रकार छन्, ती डेफिनेट्ली इन्डेन्जर्मेन्ट/ लोपोन्मुख, सेभरल्ली इन्डेन्जर्मेन्ट/ मरणोन्मुख र क्रिटिकल्ली इन्डेन्जर्मेन्ट/ नजिकै लोप हुन् (पृ.८) । यसरी उल्लेख भए पनि सङ्कटापन्न भाषा स्थानीय,जातीय र साना समुदायमा सीमित हुन्छन् । त्यस्ता भाषाहरु सामाजिक,आर्थिक वा शैक्षिक कारणले गर्दा नयाँ पुस्ताले सिक्न र प्रयोग गर्न छोडेका हुन्छन् ।

समाजको द्विभाषिक वा बहुभाषिक अवस्तामा कुनै प्रभावशाली भाषाको प्रभावले कमजोर पर्नु, आफूले बोल्ने मातृभाषालाई औपचारिक ठाउँमा प्रयोग नगर्नु, अभिभावक वा बाबुआमाले आफ्नो मातृभाषालाई प्राथमिकता दिएर बालबालिकालाई नसिकाउनु वा वेवास्था गर्नु अन्तर्जातीय विवाह गर्नु,

भाषा, साहित्य, संञ्चार, विज्ञान र प्रविधि, कानुन, शिक्षा एवम् लेखन र प्रकाशनीय कार्य विस्तारै सुस्त हुदैजानु भषामा सङ्कट आउनु हो । अतः भाषा, वक्ता, समुदाय र राज्यबाट ओभ्mेल पर्दै जान्छ भने त्यस्ता भाषा सङ्कटापन्न हुन् । भाषाशास्त्री क्राउसले वक्ता सङ्ख्याका आधारमा भाषालाई सुरक्षित, असुरक्षित वा दुर्घटनाग्रस्त र मरणोन्मुख वा लोपोन्मुख गरी तीन वर्गमा छुट्याएका छन् । क्राउसका अनुसा १०००००० (दस लाख) वक्ता रहेको र राज्यको संरक्षण पाएको भाषा सुरक्षित भाषा हो । त्यसै गरी १००००० (एक लाख) एक लाख भन्दा कम जनसंख्या रहेको र मातृभाषाका रूपमा सिकिँदै गरेको सङ्कटग्रस्त भाषा हो ।

तलिका ४

दस हजार र सोभन्दा माथि एक लाखभन्दा कम जनसंङ्ख्या भएका मातृभाषाहरू

क्र.स.	मातृभाषा	जनसङ्ख्या	प्रतिशत	सञ्चित प्रतिशत
१	बभ्ाङ्गी	९९६३१	०.३४	०.३४
२	हिन्दी	९८३९९	०.३४	०.६८
३	मगर खाम	९१७५३	०.३१	०.९९
४	चाम्लिङ	८९०३७	०.३१	१.३
५	राना थारू	७७७६६	०.२७	१.५७
६	चेपाङ	५८३९२	०.२	१.७७
७	बाजुरेली	५६४८६	०.१९	१.९६
८	सन्थाली	५३६७७	०.१८	२.१४
९	दनुवार	४९९९२	०. १७	२.३१
१०	दार्चुलेली	४५६४९	०.१६	२.४७
११	उराउँ	३८८७३	०.१३	२.६
१२	कुलुङ	३७९१२	०.१३	२.७३
१३	अङ्गिका	३५९५२	०.१२	२.८५
१४	माभ्mी	३२९१७	०.११	२.९६
१५	सुनुवार	३२७०८	०.११	३.०७
१६	थामी	२६८०५	०.०९	३.१६
१७	गनगाई	२६२८१	०.०९	४.०६
१८	थुलुङ	२४४०५	०.०८	४.१४
१९	बङगला	२३७७४	०.०८	४.२२
२०	घले	२३०४९	०.०८	४.३
२१	साम्पाङ	२१५९७	०.०७	४.३७
२२	माडवारी	२१३३३	०.०७	४.४४
२३	डडेलधुरी	२१३००	०.०७	४.५१
२४	धीमाल	२०५८३	०.०७	४.५८
२५	तजपुरिया	२०३४९	०.०७	४.६५
२६	कुमाल	१८४३५	०.०६	४.७१
२७	खालिङ	१६५१४	०.०६	४.७७

२८	मुसलमान	१६२५२	०.०६	४.८३
२९	वाम्बुले	१५२८५	०.०५	४.८८
३०	बाहिम/बायुम	१४४४९	०.०५	४.९३
३१	याख्खा	१४२४१	०.०५	४.९८
३१	संस्कृत	१३९०६	०.०५	५.०३
३३	भुजेल	१३०८६	०.०४	५.०७
३४	भोटे	१२८९५	०.०४	५.११
३५	दरई	१२१५६	०.०४	५.१५
३६	याम्फु/याम्फे	१०७४४	०.०४	५.१९

तालिका ४ मा रहेका बझाङ्गी ९९६३१ , हिन्दी ९८३९९,मगर खाम ९१७५३,चाम्लिङ ८९०३७ , राना थारू ७७७६६ भाषाका जनसंङ्ख्या रहेकाले अन्य भाषाका तुलनामा सुरक्षित भाषाका नजिक छन् । तथापि दस हजार र सोभन्दा माथि एक लाखभन्दा कम जनसंङ्ख्या भएका ३६ ओटै मातृभाषाहरू सङ्कटापन्न भाषाका रुपमा रहेका छन् । यी मातृभाषाका बक्ताहरुको कुल संङ्ख्या नेपालको जनसंङ्ख्याको ५.१९ प्रतिशत मात्र रहेको पाइन्छ ।

तलिका ५

एक हजार र सोभन्दा माथि दस हजारभन्दा कम जनसंङ्ख्या भएका मातृभाषाहरू

क्र.स.	मातृभाषा	जनसंङ्ख्या	प्रतिशत	सञ्चित प्रतिशत
१	नाछिरिङ	९९०६	०.०३	
२	ह्याल्मो /योल्मो	९६५८	०.०३	
३	दुमी	८६३८	०.०३	
४	जुम्ली	८३३८	०.०३	
५	बोटे	७६८७	०.०३	
६	मेवाहाङ	७४२८	०.०३	
७	पुमा	६७६३	०.०२	
८	पहरी	५९७६	०.०२	
९	आठपहिया	५५८०	०.०२	
१०	दुङमाली	५४०३	०.०२	
११	जिरेल	५१६७	०.०२	
१२	तिब्बती	५०५३	०.०२	
१३	दैलेखी	४९८९	०.०२	
१४	चुम/नुब्री	४२८४	०.०१	
१५	छन्त्याल	४२८२	०.०१	
१६	राजी	४२४७	०.०१	
१७	थकाली	४२२०	०.०१	
१८	मेचे	४२०३	०.०१	
१९	कोयी	४१५२	०.०१	

२०	लोहोरूङ	३८८४	०.०१	
२१	केवरत	३४६९	०.०१	
२२	डोल्पाली	३२४४	०.०१	
२३	डोने	३१००	०.०१	
२४	मुगाली	२८३४	०.०१	
२५	जेरो/जेरूङ	२८१७	०.०१	
२६	कर्मारोङ	२६१९	०.०१	
२७	छिन्ताङ	२५६४	०.०१	
२८	ल्होपा	२३४८	०.०१	
२९	लाप्चा	२२४०	०.०१	
३०	मुण्डा/मुडियारी	२१०७	०.०१	
३१	मनाङे	२०२२	०.०१	
३२	छिलिङ	२०११	०.०१	
३३	दुरा	१९९१	०.०१	
३४	तिलुङ	१९६९	०.०१	
३५	साङ्केतिक भाषा	१७८४	०.०१	
३६	व्याँसी	१७०६	०.०१	
३७	बराम	१५३९	०.०१	
३८	बरागुङवा	१५३६	०.०१	
३९	साद्री	१३४७	०.००	
४०	अङ्ग्रेजी	१३२३	०.००	
४१	मगर काइके	१२२५	०.००	
४२	सोहन	११८२	०.००	
४३	ह्ययु	११३३	०.००	
४४	किसान	१००४	०.००	

तालिका ५अनुसार एक हजार र सोभन्दा माथि दस हजारभन्दा कम जनसंङ्ख्या भएका मातृभाषाहरू ४४ओटा भाषा विभिन्न सैद्धान्तिक आधारमा हेर्दा सङ्कटापन्न भाषाका भाषाका रूपमा रहेको पाइन्छ ।

लोपोन्मुख भाषा

बोलचालमा रहेका भाषाका वक्ताहरू घट्दो क्रममा देखिएको अवस्था लोपोन्मुख अवस्था हो । वक्ताको अभाव बढ्दै गई पुस्तान्तरणमा हुने स्थितिमा रहेका भाषाहरू लोपोन्मुख श्रेणीमा पर्दछन् । "कम्तीमा १००० भन्दा कम वक्तासंख्या भएका भाषाहरुलाई लोपोन्मुखको कोटिमा राख्न सकिन्छ (पौडेल र भट्टराई , २०७७,पृ.पृ.२७०) ।" यस आधारमा वक्ताले बोली व्यवहारमा कम गर्दै लैजानु अर्थात भाषा बोल्दा बोल्दै सकिँदै जानु लोपोन्मुखका अभिलक्षण हुन् । यस्ता भाषाका बक्ताहरू न्यून रहनु र बोली व्यवहारमा अति कम प्रयोग हुँदै जानेको अवस्था लोपोन्मुख हो । खासगरी लेख्यभन्दा पनि कथ्य परम्परामा सीमित लिपि, वर्णव्यवस्था नभएका मातृभाषिक वक्ताहरूका भाषाहरू चाँडै लोपोन्मुख बाटोतिर लागेको पाइन्छ । "प्रयोगका दृष्टिले भाषा क्रमशः हराउँदै गरेको अवस्थामा अस्तित्व

देखाउनुको साटो लोप हुनेतिर लागेको तर लोप नभइसकेको स्तिति लोपोन्मुख प्रवृति हो । माचर र वण्डलले प्रत्येक दुई हप्तामा विश्वबाट एउटा भाषा लोप हन्छ भन्ने तर्क अघि सारका छन् (रिमाल २०७१ पृ: १) ।" भाषा लोप हुनु भनको अलिखित साहित्य भित्रका जातीय गौरव, परम्परा, अस्तित्व र सास्कृतिक गरिमा पनि लोप हनु हो । यसरी राज्यका भाषिक अवस्थिति अनुरूप भाषा सम्बन्धी राज्यले लिने भाषा नीति तथा योजनाले भाषका सरक्षण र सवद्धनमा प्रमुख भूमिका खेल्दछ । खासगरी लिपि, व्याकरण, साहित्य आदि नभएका भाषाहरू चाँडै लोपोन्मुख भाषाका रेखामा पर्दछन् । भाषाशास्त्री ग्राइमले बक्ताको उमेरलाई आधार बनाएर भाषाको बर्गीकरण गरेका छन् । ग्रइमका अनुसार ह्रासोन्मुख सबै उमेरका बक्ता रहे तापनि बालकले नसिक्ने स्थितिका भाषालाई मानेका छन् । साथै अति संङ्कटग्रस्त ४० वर्षभन्दा माथि उमेरका वक्ता भएका भाषा लोपोन्मुख भाषा**को** रूपमा राखेकोले नेपालको जनगणना २०७८ का अनुसार नेपालका रहेका कम्तीमा एक हजारभन्दा कम जनसंख्या भएका भाषालाई लोपोन्मुखको स्थान राख्न सकिन्छ । जस अनुसार भाषाशास्त्री क्राउसका अनुसार मातृभाषाका रूपमा बालकले सिक्न छाडिसकेको भाषा लोपोन्मुख भाषा हो । नुनन (२००५) ले १२ चिन्ताजनक अवस्थाका सङ्टापन्न भाषा : मेवाहाङ, काइके, राउटे, किसान, चुरेटी, बराम, तिलुङ, जेरुङ, दुङमाली, बारगाँउले, नार्फू र मनाङवा भाषालाई मानेका छन् । त्यसै गरी काइँलाले लेख्य परम्परालाई आधार मानी नेपालका भाषालाई मरणोन्मुख, असुरक्षित र सङ्कटग्रस्त, असुरक्षितर सुरक्षित चार वर्गमा बाडेका छन् । जस अनुसार लेख्य परम्परा नभएका सबै भाषाहरू लोपोन्मुख भाषा अन्तर्गत पर्दछन् ।

तलिका ६

एक हजारभन्दा कम जनसंङ्ख्या भएका मातृभाषाहरू

क्र.स.	मातृभाषा	जनसंङ्ख्या	प्रतिशत	सञ्चित प्रतिशत
१	पन्जाबी	८७१	0.00	
२	धुलेली	७८६	0.00	
३	खाम्ची(राउटे)	७४१	0.00	
४	लुङखिम	७०२	0.00	
५	लोवा	६२४	0.00	
६	कागते	६११	0.00	
७	वालिङ/वालुङ	५४५	0.00	
८	नार-फु	४२८	0.00	
९	ल्होमी	४१३	0.00	
१०	तिछुरोङ पोइके	४१०	0.00	
११	कुर्माली	३९७	0.00	
१२	कोचे	३३२	0.00	
१३	सिन्धी	२९१	0.00	
१४	फाङदुवाली	२४७	0.00	
१५	बेलहारे	१७७	0.00	
१६	सुरेल	१७४	0.00	
१७	मालपाँडे	१६१	0.00	
१८	खरिया	१३२	0.00	
१९	सधनी	१२२	0.00	

२०	हरियान्वी	११४	०.००	
२१	साम	१०६	०.००	
२२	बनकरिया	८६	०.००	
२३	कुसुण्डा	२३	०.००	
२४	अन्य	४२०१	०.०१	
२५	उल्लेख नभएका	३४६	०.००	ं०.६७ प्रतिशत

तालिका ६ अनुसार रहेका पन्जाबी, कुसुण्डा , बनकरिया, साम, हरियान्वी, सधनी, मालपाँडे, खरिया, सुरेल, बेलहारे,, फाङदुवाली, सिन्धी, धुलेली, खाम्ची(राउटे), लुङखिम, लोवा, कागते, वालिङ/वालुङ, नार-फु, ल्होमी, तिछुरोङ पोइके, कुर्माली, कोचे, उल्लेख नभएका, अन्य भाषाहरू गरी २५ ओटा भाषाका बक्तासंङ्ख्या कुल जनसंख्याको ं०.६७ प्रतिशत मात्र रहेको पाइनु र एक हजारभन्दा कम जनसंङ्ख्या भएका मातृभाषाहरू हुनु लोपोन्मुख भाषाको स्थानमा पुग्नु हो ।

मृतभाषा

जीवन्त भाषा प्रयोमा आउन छोडेपछि क्रमशः शून्य अवस्थामा पुग्छ र अन्त्यमा अस्तित्व नै समाप्त हुन्छ । अतः भाषिक शून्यता र अस्तित्वको समाप्ति भाषिक मृत्यु *language deth* हो । क्रिस्टल डी सट (सन् २०००) ले 'ल्याङ्ग्वेज डेथ' नामक पुस्तकमा भाषिक मृत्युलाई मानिसको मृत्युसँग तुलना गरेका छन् ।साथै मानिसबिना भाषाको कुनै अस्तित्व हुदैन र भाषा प्रयोगमा नआउने स्थितिमा पुग्नु अर्थात् भाषालाई मानिसले प्रयोगमा नल्याउनु भाषाको मृत्यु अर्थात भाषिक मृत्यु हो । भाषा जति प्रयोगमा आउँछ त्यति नै जीवन्त हुन्छ । कुनै भाषा अभिलेखमा मात्र सीमित भै व्यवहारमा प्रयोगमा आउन छोड्नु जीवन्तताबाट शून्यमा पुग्नु हो ।

टोवा (२००१) का अनुसार भाषिक मृत्यु भनेको भाषाको प्रयोग वा अस्तित्व समाप्त भएको अवस्था हो । कुनै समयमा प्रयोगमा आएको भाषा अभिलेखमा कैद भई व्यावहारिक प्रयोजनका दृष्टिले शून्य मूल्यको स्थितिमा पुग्यो भने त्यो भाषिक मृत्युवरणको अवस्था हो। त्यसैगरी बैरागी काइलाले लेख्य परम्परालाई आधारमानी नेपालका भाषालाई चार वर्गमा बाँडेका छन् । उनका अनुसार मरणोन्मुख : लेख्य परम्परा नभएका र सबै लोपवान भाषाहरू यस समूहमा पर्दछन् ।

२०७८ को जनगणना अनुसार नेपालका पन्जाबी, धुलेली, खाम्ची(राउटे), लुङखिम, लोवा, कागते, वालिङ/वालुङ, नार-फु, ल्होमी, तिछुरोङ पोइके, कुर्माली, कोचे, सिन्धी, फाङदुवाली, बेलहारे, सुरेल, मालपाँडे, खरिया, सधनी, हरियान्वी, खाम, बनकरिया, कुसुण्डा, अन्य र उल्लेख नभए का भाषाहरू बक्ता सङ्ख्या पनि एकदमै कम एक हजारभन्दा कम जनसंङ्ख्या भएका कारण २५ ओटा भाषा मरणोन्मुख अवस्था र मृत्युन्मुख कोटिमा पर्दै गएका छन् । नुनन (२००५) ले मरणासन्न भाषा : लिङखिम, कुसुन्डा, कोचे, साम, कागते, छिन्ताङ र ल्होमी । मृत भाषा : बाइबन्सी, चोन्खा, लोङ्गावा, मुगाली, समव्या, पोङयोङ, बुङला, चुक्वा, हेदाङपा, बालिङ, खामदुङ आदि मानेका छन् । त्यसै गरी विभिन्न सैद्धान्तिक आधार र जनगणनाको परिणामलाई हेर्दा नेपालका भाषाहरूलाई मृत्यु हुनबाट जोगाउन, तिनलाई लेखन परम्परामा उतार्न, तिनको वाङ्मयको विकास गर्न, तिनका प्रकार्य बढाउन र तिनलाई समाज र राष्ट्रमा यथोचित स्थान दिलाउन राज्यले भाषानीति निर्माण गर्न आवश्यक छ । त्यसका निम्ति विभिन्न भाषाहरूको संरचनागत र स्तरगत विकासको योजना तर्जुमा गरी भाषाको संरक्षण गरिनु पर्दछ ।

वि.स. २००९-२०११ देखि २०७८ सम्मका भाषा

नेपाल बहुभाषिक देश हो । नेपामा बोलिने धेरै भाषाहरू अझै बोलीचालीमा सीमित छन् । धेरै भाषाहरू लेखन प्रणालीमा स्थापित भै सकेका छैनन् । नेपालको भाषिक तथ्याङ्क मूलतः जनगणनामा आधारित छ । जसअनुसार जनगणनामा भाषा सूचीकृत हुन थालेपछि.संवत् २००९-२०११ देखि २०७८ सम्म कायम भएका भाषाहरू क्रमशः यस प्रकार रहको पाइन्छ ।

जनगणनाको संवत्	२००९-२०११	२०१८	२०२८	२०३८	२०४८	२०५८	२०६८	२०७८
भाषा सङ्ख्या	४४	३६	१७	१८	३१	९२	१२३	१२४

प्रस्तुत तालिका अनुसार वि.स.२००९-२०११ को जनगणनामा ४४ ओटा भाषा सङ्ख्या रहेकोमा वि.स. २०१८ मा ३६ ओटा क्रमश : २०२८ मा १७ ओटामा सीमित हुन पुगेको पाइन्छ । यसै गरी २०३८ मा १८ ओटा मात्र रहेपनि २०४८ मा ३१ ओटा भाषा सङ्ख्या रहेको पाइन्छ । यसै क्रममा तीन गुणाले बृद्दि भएर २०५८ मा ९२ ओटा भाषा सङ्ख्या पुगेको पाइन्छ । २०६८ मा १२३ र २०७८ को जनगणनामा १२४ भाषा सङ्ख्या पाइन्छ । वि.सं. २००९ देखि २०७८ सम्मको पटक पटकको जनगणनाको विवरणमा फरक देखिए तापनि २०६८ र २०७८ को विवरण खासै भिन्न देखिदैन ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा १२४ मातृभाषाहरूको उल्लेख गरेको पाइन्छ । त्यसै गरी १३ ओटा भाषाका बक्ताले नेपालको जनसंख्याको ९०.९४ प्रतिशत समेटेको देखिन्छ । त्यसमध्ये एक लाख र सोभन्दा बढी बक्तासँख्या भएका भाषाहरूको सङ्ख्या २१ रहेको छ । यी २१ भाषाका बक्ताहरूको जनसङ्ख्या नेपालको कुल जनसङ्ख्याको ९४.९५ प्रतिशत हो । यस बाहेकको १०३ ओटा भाषा बोल्ने जनसङ्ख्याको प्रतिशत ५.०५ मात्र रहेको छ । त्यस्तै दश हजार र सो भन्दा माथि एक लाखभन्दा कम जनसङ्ख्या भएका भाषाहरू ३६ ओटा र दस हजारभन्दा कम एक हजारसम्म जनसङ्ख्या भएका भाषाहरू ४४ ओटा छन् । त्यस्तै एक हजारभन्दा कम जनसङ्ख्या भएका भाषाहरू २३ ओटा रहेको पाइन्छ । जसलाई राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, राष्ट्रिय तथ्याङ्क कार्यलय, २०८० को प्रकाशित अनुसार मातृभाषा अनुसारको जनसंख्याको विवरण यस्तो पाइएको छ ।

नेपालको संविधान २०७२ अनुसार भाषा नीति

नेपालको संविधान २०७२ को भाग ३, धारा ३२ (१) मा प्रत्येक नेपाली नागरिक र समुदायलाई आफ्नो भाषा प्रयोग गर्न पाउने मौलिक हकको प्रत्याभूति गरिएको छ । यसको बाहेक भाग ४, धारा ५१ ग (७) मा नेपालको सामाजिक र सांस्कृतिक रूपान्तरणको लागि सङ्घ, प्रदेश र स्थानीय तहमा बहुभाषिक नीति अवलम्बन गर्न सकिने व्यवस्था रहेको छ । नेपालको संविधानको धारा २७८ मा भाषा आयोगको व्यवस्था तथा भाषा आयोगले सिफारिस गरेको आधारमा नेपालमा स्पष्ट भाषा नीति निर्धारण हुने व्यवस्था छ । भाषा आयोगले निर्धारण गरेका आधारहरूको आधारमा कुन भाषा कुन प्रदेशअन्तर्गत सरकारी कामकाजमा प्रयोग हुन सक्ने भन्ने नीति सरकारले स्पष्ट पार्नुपर्ने देखिन्छ । त्यसै गरी भाषा आयोगको काम कर्तव्यअन्तर्गत नेपालमा बोलिने मातृभाषाको विकासको स्तर र त्यसको आधारमा उक्त भाषाहरुलाई नेपालका विद्यालयमा शिक्षाका माध्यम वा विषयको रूपमा प्रयोग गर्ने सम्बन्धमा सुझाव दिने व्यवस्था पनि उल्लेख छ । तसर्थ संविधानमा व्यवस्था भएबमोजिम नेपाल बहुभाषिक देश भएको यथार्थ सामाजिक रूपमा स्वीकार्य छँदै थियो हाल आएर राज्यले आफ्नो मूल कानुन संविधानमा समेत स्वीकार गरिसकेको छ ।

नेपालको संविधान २०७२ को प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ (पृ.१) । यसैगरी भाग ३ मौलिक हक अन्तर्गत धारा १८ मा समानताको हक उल्लेख गरिएको छ : यसको उपधारा ३ मा राज्यले नागरिकका वीच उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग शारीरिक अवस्था, भाषा वा क्षेत्र, आदिका आधारमा भेदभाव गरिने छैन भनी स्पष्ट उल्लेख गरेको छ । माथिका संवैधानिक व्यवस्थाले र भाषिक यथार्थको चर्चाले स्पष्टहुन्छ नेपालमा भाषिक विविधता छ र सबै भाषाको समान महत्त्व छ । विद्यमान संविधानले भाषिक रूपमा अपूर्व न्याय सुनिश्चित गरेको छ ।

निष्कर्ष

नेपामा बोलिने धेरै भाषाहरू अझै बोलीचालीमा सीमित छन् । धेरै भाषाहरू लेखन प्रणालीमा स्थापित भै सकेका छैनन् । त्यसै गरी भाषाको स्तरगत वर्गीकरण आधारमा भाषिक जीवन्तताको अवस्था हेर्दा विकसित, विकासशील, सङ्कटापन्न, लोपोन्मुख र मृत गरी पाइयो । साथै नेपाली एकमात्र विकसित भाषा हो भने मैथिली, भोजपुरी, अवधी, तामाङ् र बज्जिका विकासशील भाषा हुन् । त्यसै गरी नेपाली भाषाका वक्तासंख्याभन्दा निकै कमवक्तासंख्या भएका नयाँ पुस्तामा हस्तान्तरण हुने क्रम कमजोर बन्दै गएका, वक्तासंख्या घट्तै गएका भाषालाई सङ्कटापन्न भाषा भनिन्छ । नेपालका जिरेलथकाली, छन्त्याल,चेपाङ, कुमाल लगायतका भाषाहरु सङ्कटापन्न भाषाहरु हुन ्। नेपालका लोपोन्मुखभाषाको अवस्था झन्गम्भीर छ । नेपालमा लोपोन्मुख भाषाका वक्ता एक हजारभन्दा कम रहेका छन् । यस्ता भाषाहरुको संरक्षणमा राज्यको संरक्षण नहुँदा भाषासँगै सम्बद्ध संस्कृति र परम्पराहरू पनि हराउने खतरा बढेको छ । यसै गरी मृतभाषा भन्नाले अब दैनिक बोलचाल वा सामाजिक सन्दर्भमा प्रयोगमा नरहेका भाषाहरु बुझिन्छ । नेपालका कतिपय भाषाहरु पनि मृत भैसकेका छन् । मृत भाषाहरु केवल अभिलेख, साहित्य र धार्मिक कियाकर्ममा मात्र सीमित रहेको पाइन्छ यस अध्ययनबाट के प्रष्ट भएको छ भने नेपालमा भाषिक विविधता संरक्षणको चुनौतीसहित अवसर पनि उत्तिकै छ । शिक्षाको माध्यमबाट मातृभाषाको प्रयोग बढाउनउँदै भाषाहरुको नेपालका भाषाहरूलाई मृत्यु हुनबाट जोगाउन, तिनलाई लेखन परम्परामा उतार्न, तिनको वाङ्मयको विकास गर्न, तिनका प्रकार्य बढाउन र तिनलाई समाज र राष्ट्रमा यथोचित स्थान दिलाउन राज्यले भाषानीति निर्माण गर्न आवश्यक छ । त्यसका निम्ति विभिन्न भाषाहरूको संरचनागत र स्तरगत विकासको योजना तर्जुमा गरी भाषाको संरक्षण गरिनु पर्दछ ।

सन्दर्भसूची

केन्द्रीय तथ्याङ्क विभाग (२०७९), *नेपालको राष्ट्रिय जनगणना* २०७८, केन्द्रीय तथ्याङ्क विभाग ।

खनाल, पेशल (२०७३), *शैक्षिक अनुसन्धान पद्धति*, सनलाइट पब्लिकेसन ।

खनिया, बुद्धराज, अधिकारी, रामकुमार र दहाल, विप्रहरि (२०६८), *नेपाली भाषा शिक्षण* (दोस्रो संस्क.), जुपिटर प्रकाशक तथा वितरक प्रा.लि. ।

गिरी, जिवेन्द्रदेव (सन्.२०१०),*नेपालको भाषानीति*, त्रिभुवन युनिभर्सिटी जर्नल, '१२ .डिसेम्बर ।

तामाङ् , अमृत योञ्जन (२०८१),*नेपालका भाषाहरु,* म्हेन्दो ट्रस्ट ।

न्यौपाने, दीपकप्रसाद (२०७०), *नेपाली तथा नेपाली शिक्षा उपप्राध्यापक परीक्षा मार्गदर्शिका*, सनलाइट

पब्लिकेसन

पौडेल, प्रेमप्रसाद (२०८०), *संघीय नेपालमा भाषानीति : अवस्था,अन्योल र आगामी कार्यदिशा,* भाषालोक ,भाषा आयोग ।

पौडेल, राजेन्द्रप्रसाद र भट्टराई रमेश (२०७७), *नेपालको भाषानीति र योजना आधार,*इन्टेलेक्च्युअल्ज बुक प्यालेस ।

बन्धु ,चूडामणि (२०५०), नेपालका सन्दर्भमा भाषायोजना, प्रज्ञा,वर्ष २२, अङ्क ७९ ।

भाषा आयोगको वार्षिक प्रतिवेदन आठौं (२०८० –२०८१), भाषा आयोग ।

यादव योगेन्द्रप्रसाद (२०७४), अवको नेपाल सम्भावना र कार्यदिशा (सं. योगेश ढकाल र कृष्ण गिरी) शिक्षा बुक्स.

रेग्मी, भीमनारायण (२०८०),भाषिक तथ्याङ्कमा पहिचानको प्रतिबिम्ब, भाषालोक (पृपृ १४३–१६०),भाषा आयोग ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०५२), *शोधविधि,* साझा प्रकाशन ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६६), *शिक्षाका आधारहरू,* एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

शिवाकोटी, गौपाल र चौलागाई, तिलक (२०५८), *अनुसन्धान पद्धतिको परिचय,* पाठ्यसामग्री पसल ।

श्रेष्ठ, दयाराम (२०७७), *साहित्यको अनुसन्धान व्यवस्थापन,* शिखा बुक्स प्रकाशन प्रा.लि. ।

सन्दर्भसूची अंग्रेजी भाषा

Fishman. J. A. (1991). *Reversing language shift: Theoretical and empirical foundations of assistance to threatened languages* .

Skutnabb-Kangas. T. (2000). *Linguistic genocide in education–or worldwide diversity and human rights.*

UNESCO. (2003). *Language vitality and endangerment.*